# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७७/७८
चलानी नं :-

मैजुहिटी, काठमाडौं
बाग्मती प्रदेश, नेपाल

**उद्यम विकास सहजकर्ता सेवा करारमा छनौट गर्ने सम्बन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७७।७।२९ गते

यस टोखा नगरपालिकामा आर्थिक वर्ष २०७७।०७८ मा कार्यान्वयन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) संचालनका लागि उद्यम विकास सहजकर्ता सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं | बि.नं | पद, | माग संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|
| १. | ०५।०७७।७८ | **उद्यम विकास सहजकर्ता** | २ जना | ५०० |

**आवश्यक न्यूनतम योग्यता र अनुभव :**

१. **शैक्षिक योग्यता :**

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सि.टि.इ.भि.टि.) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सि.टि.इ.भि.टि.) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सि.टि.इ.भि.टि.) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्रवेशिका परीक्षा (टि.एस.एल.सी) उत्तीर्ण गरेको ।

२. **उमेर :** दरखास्त दिने अन्तिम मिति सम्म कम्तीमा १८ बर्ष पूरा भई ५० वर्ष ननाघेको ।

३. **दरखास्त दिने स्थान :** टोखा नगरपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं ।

४. **दरखास्त दिने अन्तिम मिति :** २०७७।८।१४ गते कार्यालय समय भित्र ।

५. **छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र अन्तर्वार्ता, छनौट समितिले निर्धारण गरेको मापदण्ड बमोजिम ।

६. छनौट गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सि.टि.इ.भि.टि.) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उत्तीर्ण गरेको र नेपाल सरकारले स्थापना गरेको श्रम सूचना बैंकमा सूचीकृत भएका उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिईनेछ । साथै, अनुभबीलाई ग्राह्यता दिईनेछ ।

७. सम्झौता हुने अवधि : चालु आ.व. मा कार्यान्वयन हुने कार्यक्रम संचालन अवधिभर, बढीमा २०७८ असार मसान्त सम्म ।

**आवेदन साथ आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका प्रतिलिपिहरु संलग्न हुनुपर्नेछ :**

क. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
ख. न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि
ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
घ. अनुभव खुल्ने कागजात
ङ. फोटो ३ प्रति

**सेवा सुविधा :** कार्यालयले निर्णय गरे बमोजिम ।

- आवेदन फारम यस कार्यालयको वेवसाइट www.tokhamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ । परीक्षामा सामेल हुँदा अनिवार्य रुपमा सक्कल कागजातहरु लिएर आउनुपर्नेछ ।
- सूचनामा उल्लेख नभएको विषयमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनिल प्रसाद जोशी
प्रशासकीय अधिकृत